नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १४१ २०७८ साल पुस १६ गते शुक्रबार (31 Dec. 2021 Friday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

कोरोना संक्रमणदर घटेको मात्र हो: पूर्णरुपमा हटेको छैन ।
त्यसैले सचेत र सतर्क रहौं ।
विद्यालय तथा अन्य जमघटमा जाँदा
स्वास्थ्य मापदण्डको अनिवार्य पालना गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

यस अंक भित्र : २ पृष्ठमा : राष्ट्रिय एकता तथा मेलमिलाप.. ३ पृष्ठमा : घरमा नै सुरक्षित गर्भपतन.. ३ पृष्ठमा : कोरोनाका ओमिक्रोन र डेल्टा.

# जनमतद्वारा अनिश्चितकालिन राजमार्ग बन्द

## प्रहरीसँग भएको झडपमा दुई महिला आन्दोलनकारी घाइते, आधा दर्जन पक्राउ





**दैनिक समाचारदाता**
**राजविराज, १५ पुस ।**

किसानहरुको समस्या सम्बोधनका लागि डा. सिके राउत नेतृत्वको जनमत पार्टीले बिहीबारदेखी अनिश्चितकालिन राजमार्ग बन्दको आहवान गरेको छ ।

राजमार्ग केन्द्रित आन्दोलनमा उत्रेको जनमत पार्टीका नेता कार्यकर्ताहरु बिहीबार बिहानैदेखी सप्तरीको भारदह, कंचनपुर, रुपनी, कठौना, कल्याणपुरस्थित पूर्वपश्चिम राजमार्ग अवरुद्ध पारेका छन् ।

उनीहरुले राजमार्ग अवरुद्ध गर्दै बीच सडकमै टायर बालेर प्रदर्शन गरेका छन् । प्रदर्शनका क्रममा प्रहरीसँग झडप हुँदा दुई महिला आन्दोलनकारी घाइते भएका छन् भने आधा दर्जन कार्यकर्ता पक्राउ परेका छन् ।

सोही क्रममा भारदहमा प्रहरीसँग झडप हुँदा रुबी शर्मा र एकामनी पण्डित घाइते भएको पार्टीका जिल्ला सचिव थानेश्वर साहले जानकारी दिएका छन् ।

यस्तै राजमार्ग अवरुद्ध गर्ने क्रममा श्याम मण्डल, कृष्ण मण्डल, सुरेन्द्र मण्डल, भोगेन्द्र शर्मा, राजेश यादव, सदानन्द मुखियालाई प्रहरीले पक्राउ गरेको उनले सचिव साहले बताए ।

बुधबारदेखी जनमतका नेता कार्यकर्ताहरुले किसानको माग सम्बोधनका लागि उच्चस्तरिय समिति गठन गर्नलगायतको माँग गर्दै राजमार्ग केन्द्रित आन्दोलनको थालनी गरेका हुन् ।

किसानहरुका लागि मलखाद र बिउको व्यवस्था, सिंचाईको व्यवस्था, निशुल्क बिजुली, हावाहुरी र वर्षाले भएको बालिनालीको क्षति वापत राहत, बालीको उचित समर्थन मुल्य निर्धारण तथा उखु किसानको भुक्तानी गर्न पार्टीले माग गरेको छ ।

यस्तै किसानका लागि कार्डको व्यवस्था, पेन्सनको व्यस्था, बालिनालीको बिमा, तथा किसानहरुमाथी गरिएको दमन, झुठा मुद्दा खारेज लगायत आन्दोलनका क्रममा पक्राउ परेकाहरुको रिहाईको माग समेत गरेको छ ।

# चिसोबाट सतर्कता अपनाउन अनुरोध

काठमाडौं, १५ पुस (रासस) ।

हाल देशमा पश्चिमी न्यूनचापीय प्रणाली र भारतको विहार आसपासमा रहेको न्यूनचापीय क्षेत्रको प्रभाव रहेको छ । उक्त प्रणालीका कारण अहिले देशभर सामान्यदेखि पूर्ण बदली रही थोरै स्थानमा हल्का वर्षा र उच्च हिमाली तथा पहाडी भेगमा हल्का हिमपात भइरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाले आगामी २४ घण्टाका लागि चेतावती तथा परामर्श जारी गर्दै देशभर आंशिकदेखि सामान्य बदली रही पहाडी भूभागको थोरै स्थानमा हल्का वर्षा र उच्च पहाडी तथा हिमाली भेगमा हलदेखि मध्यम हिमपातको सम्भावना रहेका कारण चिसोबाट बच्न आवश्यक सतर्कता

*बाँकी तीन पृष्ठमा*

# मेडिकल ल्याबमा आगलागि

**दैनिक समाचारदाता**
**राजविराज, १५ पुस ।**

सप्तरीको तिरहुत गाउँपालिका ३ मा बिहीबार भएको आगलागी भएको छ ।

आगलागिबाट दश लाखभन्दा बढीको क्षति भएको अनुमानग गरिएको छ ।

स्थानीयवासी हेमनारायण साफीको घर र किराना पसल तथा मेडिकल ल्याब रहेको तथा अर्को घरमा विद्युत् सर्ट भएर आगलागी हुँदा सो क्षति भएको हो ।

आगलागीबाट औषधि, दुई गोरु, पाँच बाख्रा, ल्यापटप, साइकल, अन्न, लत्ताकपडालगायतका सामान जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । स्थानीयवासी र प्रहरीले आगो निभाएका थिए ।

# चिसोबाट जोगाउन प्रदेश २ सरकारले थाल्यो तयारी

जनकपुर, १५ पुस (रासस) ।

अत्यधिक चिसो बढ्सँगै प्रदेशवासीलाई जाडोबाट जोगाउन प्रदेश नं २ सरकारले आवश्यक तयारी थालेको छ ।

वर्षासँगै चिसो बढेपछि प्रदेश नं २ सरकारले आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयमार्फत जाडो प्रभावितका लागि योजना बनाउन तयारी थालेको हो । आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरत साहले भन्नुभयो, ''चिसोबाट प्रभावितलाई न्यानो लुगा र कम्बल वितरणको तयारी सुरु गरेका छौं, केही दिनभित्रै वितरण गर्नेछौं ।''

यसवर्ष चिसोका कारण कुनै किसिमको मानवीय क्षति हुन नदिन न्यानो लुगासँगै काठ दाउरा वितरणसँगै अन्य अति आवश्यक कुरा मिलाइरहेको मन्त्री साहको भनाइ छ । ''शीतलहरबाट जोगिन पूर्वतयारीबारे प्रदेशका आठ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी

*बाँकी अन्तिम पृष्ठमा*

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

नेपाल सहकारी संस्था राजविराज ३ को १९ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गइरहेकोले संस्थाका सम्पूर्ण शेयर सदस्यलाई उपस्थितिका लागि यस सूचना मार्फत हार्दिक आमन्त्रित गरिन्छ ।

**तपसिल**
**मिति** : २०७८ पुस ३० गते शुक्रबार
**समय** : दिनको २ बजे
**स्थान** : संस्थाको कार्यालय भवनको माथी, राजविराज

**नेपाल सहकारी संस्था लि.**
**राजविराज ३, गजेन्द्र चौक, राजविराज, सप्तरी,**
**सम्पर्क नं. ०३१-५३१०९६**



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# कृषिलाई वैज्ञानिकीकरण गर्नेतर्फ ध्यान पुगोस्

नेपालमा कृषि प्रणाली अझै सुदृढ हुन सकेको छैन । वर्षाको पानीमा भर पर्ने नेपालको कृषि क्षेत्रलाई बैज्ञानिकीकरण गर्नु पर्ने आवश्यता रहेको छ । राम्रो धान फल्यो भनेर हामी खुशी हुन्छौं र हाम्रो खेती सप्रियो भनेर पनि हामी हर्षित हुन्छौं । तर, रोपाईंका बेला कदाचित राम्रो वर्षा भई दिएन भने उत्पादनमा ह्रास आउने पक्कै हुन्छ । हामी सधैं खेतीका लागि वर्षामा भर परेका हुन्छौं । तर, हरेक वर्ष वर्षाले हामीलाई साथ भन्ने हुँदैन ।

सप्तरीमा सिँचाई अभावमा प्रत्येक वर्ष १० देखि ४० हजार हेक्टर खेती योग्य जमीन बाँझो रहने गरेको तथ्याङ्क छ । खेती प्रणालीलाई वैज्ञानिकीकरण गर्दै सिँचाई, मल लगायत आवश्यक व्यवस्था गर्न सकिए सप्तरीमा धान उत्पानको दर प्रति हेक्टर चार देखि पाँच मेट्रिक टनसम्म पुऱ्याउन सकिने कृषि जानकारहरुको कथन छ । तर, विडम्बना चन्द्रनहर, कोशी पश्चिमी नहर र कोशी पम्प नहर गरी तीन ठुला सिँचाई प्रणाली र ग्रामीण पूर्वाधार विकास कार्यक्रम एवं सिंचाई सेक्टरका अन्तर्गतका अन्य सानातिना सिँचाई व्यवस्था रहे पनि तिनको अस्तव्यस्त र जीर्ण अवस्थाका कारण रोपाईका समयमा सिँचाईको अभाव हुने गरेको छ ।

कृषिमा तुलनात्मक रुपमा उत्पादन वृद्धि गर्ने लैजानका लागि कृषि प्रणालीलाई वैज्ञानिकीकरण गर्दै जानुको विकल्प छैन । आकाशे वर्षाको भरमा र पुरातन कृषि प्रणालीका भरमा उत्पादन वृद्धि गर्न सकिन्न । तसर्थ तीनै तहका सरकारले कृषिलाई वैज्ञानिकीकरण गर्न तर्फ अग्रसरता देखाउनु आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राष्ट्रिय एकता तथा मेलमिलाप दिवसको सान्दर्भिकता

काठमाडौँ, १५ पुस (रासस) ।

पुस १६ गते राष्ट्रिय मेलमिलाप दिवस । नेपाली कांग्रेसका संस्थापक एवं नेपाली कांग्रेसको सिद्धान्त प्रजातान्त्रिक समाजवादका प्रतिपादक बिपी कोइराला सहितका नेताहरू आठ वर्ष निर्वासित जीवन बिताएर २०३३ पुस १६ गते स्वदेश फर्केको दिनको सम्झनामा कांग्रेसले हरेक वर्ष पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलाप दिवस मनाउँदै आएको छ । यसलाई औपचारिकतामा सीमित नगरी यसको मर्म र भावनालाई आत्मसात् गर्नसक्ने हो भने दिवसले सधैँभरि राष्ट्रिय एकता र आपसी मेलमिलापको महत्वपूर्ण सन्देश दिएको छ ।

मेलमिलाप दिवस पञ्चायती निरङ्कुशतामा आठ वर्षको भारत निर्वासित जीवन त्याग गरी कांग्रेसका संस्थापक जननायक बिपी कोइरालासहित लौहपुरुष गणेशमान सिंह, नेत्री शैलजा आचार्य, खुमबहादुर खड्कालगायतका दर्जनौँ नेता राष्ट्रिय एकता र मेलमिलापको सन्देशसहित नेपाल फर्कनुभएको थियो । मुलुकको सार्वभौमसत्ता रक्षा गर्न जनताकै बीचमा रहनुपर्दछ भन्ने सोचका साथ उहाँहरु भारतको निर्वासित जीवन त्यागेर स्वदेश फर्कनुभएको थियो ।

प्रजातन्त्रसँग कुनै सम्झौता हुन सक्दैन तर राष्ट्रियताका सवालमा मेरो घाँटी राजासँग जोडिएको छ भन्ने बिपीको प्रष्ट भनाइले तत्कालीन अवस्थामा मुलुकको राष्ट्रियता कति सङ्कटमा थियो भन्ने प्रष्ट हुन्छ । राष्ट्रियताका सन्दर्भमा स्वदेश फर्केपछि राजासँगको भेटमा बिपीले भन्नुभएको थियो, "यो मुलुक रहेन भने म विराटनगरमा खेती गरेर बसौँला तर तपाईं कहाँको राजा बन्नुहुन्छ ?" नभन्दै त्यतिबेला दक्षिण एशियाकै राजनीतिमा निकै उतारचढाव थियो । त्यस राजनीतिक सङ्क्रमणबाट नेपाललाई बचाउन आफूमाथिको मृत्युदण्डको मुद्दालाई बेवास्ता गर्दै उहाँले मुलुकको सार्वभौमसत्ता रक्षाका लागि जनशक्ति ( राजनीतिक दल) र राजशक्ति ( राजा) मिल्नुपर्ने धारणा राख्नुभएको थियो ।

विसं २०१७ पुस १ गते तत्कालीन राजा महेन्द्रले जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको सरकार बर्खास्त गर्दै बहुदलीय प्रजातान्त्रिक व्यवस्था विघटन गरी राजनीतिक दलमाथि प्रतिबन्ध मात्र लगाएनन नेतामाथि देशद्रोहको मुद्दासमेत लगाए । निर्दलीय पञ्चायती व्यवस्था सुरु गरेपछि कोइराला सहितका नेतालाई करिब आठ वर्ष जेलमा हालिएको थियो ।

राष्ट्रिय/अन्तर्राष्ट्रिय दबाबका कारण २०२५ कात्तिक १४ गते बिपी कोइरालालगायतका नेता जेलमुक्त हुनुभयो र त्यसपछि उहाँहरू भारतमा निर्वासनमा जानुभयो । त्यसपछि कांग्रेसले सशस्त्र विद्रोहको नीति अपनायो तर त्यो विद्रोह खासै उपलब्धिमूलक हुन सकेन, बरु पार्टीका केही नेताहरूको ज्यान गयो । यसबीचमा देशका विभिन्न स्थानमा भएका घटनामा संलग्नता रहेको भन्दै तत्कालीन राज्यसत्ताबाट बिपी सहितका नेताहरूलाई फाँसीको सजाय हुन सक्नेसम्मका विभिन्न आठ मुद्दा लगाइएको थियो ।

मुलुकको विषम परिस्थितिलाई बुझेर नै बिपीले आफ्नो ज्यानभन्दा देश ठूलो हो भन्ने महसुस गरी राष्ट्र बचाउन र मुलुकमा प्रजातन्त्रको पुनःस्थापना गर्न २०३३ सालमा मेलमिलापको नीति घोषणा गर्दै नेपाल फर्कनुभएको थियो । बिपीले मेलमिलापको नीति अवलम्बन गर्ने क्रममा भन्नुभएको थियो, "आजसम्म हामीले प्रजातन्त्रको लडाईं गरिरहेका थियौँ ।"

बिपीको त्यो ऐतिहासिक निर्णय र तत्कालीन राष्ट्रिय आवश्यकतालाई नबुझी राजासँग बिपीको सहकार्यको प्रस्तावलाई लत्याउँदै उहाँहरूलाई पक्रेर सुन्दरीजलस्थित बन्दीगृहमा राखियो । बिपीले सोही जेलबाट ती मुद्दाको पुर्पक्ष गर्नुभएको थियो । बिपीले ती मुद्दामा सर्वोच्च अदालतमा बयान दिँदा पनि भन्नुभएको थियो, "कानुनको साँघुरो किल्लामा न्यायको हत्या नहोस् ।"

बिपीको राष्ट्रियताप्रतिको संवेदनशीलता र प्रजातन्त्रप्रतिको प्रतिबद्धतालाई तत्कालीन राज्यसत्ताले बुझ्न नसक्दा नै २०३६ सालमा विद्यार्थी आन्दोलन हुन पुग्यो र अन्ततः तत्कालीन राजा वीरेन्द्रले जनमत सङ्ग्रहको घोषणा गर्न बाध्य हुनुपऱ्यो । जनमत सङ्ग्रहमा बहुदलीय पक्षलाई पराजित गराइए पनि प्रजातान्त्रिक आन्दोलनले फस्टाउने मौका पायो र २०४२ सालमा सत्याग्रह हुँदै २०४६ सालमा जनआन्दोलन भई बहुदलीय प्रजातन्त्रको पुनःस्थापना भएको हो ।

यसरी प्रजातन्त्रको स्थापना र संरक्षणमा आजीवन सङ्घर्ष गर्नुभएका बिपी कोइरालाको मेलमिलापको नीति अहिलेको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक रहेको देखिन्छ । बिपीको स्वदेश फिर्ताको निर्णयले तत्कालीन पञ्चायतलाई भित्रबाटै कमजोर बनाउन सहयोग पुगेको थियो । अन्य देशमा बसेर हतियारको राजनीति गर्नु गलत रहेछ तथा राष्ट्र र जनतालाई एकीकृत गर्न देशभित्रै रहेर सङ्घर्ष गर्नुपर्छ भन्ने बिपीको सोचले राजा र जनताबीचको शक्ति सन्तुलनलाई पनि जोड दिएको वरिष्ठ पत्रकार पुरुषोत्तम दाहाल बताउनुहुन्छ । अहिले पनि सत्तामा रहने र नरहने शक्ति, राजनीतिक पार्टीभित्रै तथा पार्टीबीच अन्तरकलह र अन्तरविरोध रहेकाले त्यसको व्यवस्थापनका लागि पनि उतिबेला बिपीले अघि सार्नुभएको मेलमिलापको नीतिको सान्दर्भिकता रहेको उहाँको तर्क छ ।

राष्ट्रियता, प्रजातन्त्र र आर्थिक समृद्धि 'राष्ट्रिय एकता तथा मेलमिलाप'बाट मात्रै सुनिश्चित हुने भन्दै ४५ वर्षअघि अवलम्बन गरिएको नीतिलाई देशका सम्पूर्ण राजनीतिक शक्तिले आत्मसात् गर्नुपर्नेमा राजनीतिक विश्लेषक पुरुषोत्तम बस्नेत जोड दिनुहुन्छ । राजनीतिक, आर्थिकलगायत अन्य कुनै पनि सङ्कटले राष्ट्रियता माथि नै चुनौती दिने हुँदा सम्पूर्ण राष्ट्रवादी शक्तिबीच एकता हुनुपर्ने उहाँको भनाइ छ । सबै राजनीतिक दलको साझा सहमतिमा लेखिएको वर्तमान संविधानले समाजवादको भूमिकालाई पनि स्वीकार गरेको उल्लेख गर्दै उहाँले यसको पूर्ण कार्यान्वयनका लागि पनि सबै राजनीतिक शक्तिबीच एक मत बन्न नसकेमा पुनःत्यो उपलब्धि गुम्नसक्ने खतरा रहेको बताउनुहुन्छ ।

बिपीले राष्ट्रियताको कुरा गर्दा दक्षिण एसियाको सामरिक सन्तुलन र नेपालको जटिल भूराजनीतिलाई केन्द्रमा राखेको देखिन्छ । भारत-पाकिस्तान युद्धपछि पूर्वी पाकिस्तान टुक्रिएर बङ्गलादेश बनेको र सिक्किमलाई विलय गराएर भारतको प्रान्त बनाइएको भूराजनीतिक तथ्यलाई बिर्सेर विपीको राष्ट्रिय मेलमिलाप नीतिलाई हेर्न नसकिने त्रिभुवन विश्वविद्यालयअन्तर्गत नेपाल तथा एसियाली अनुसन्धान केन्द्र ( सिनास) का कार्यकारी निर्देशक डा मृगेन्द्रबहादुर कार्की बताउनुहुन्छ । संविधानको सफल कार्यान्वयन, देशको विकास, सुदृढ अर्थतन्त्रको निर्माण, जनताको जीवनमा सकारात्मक परिवर्तन आजको राजनीतिको मूल कार्यभार भएकाले यसलाई पूरा गर्न राष्ट्रियरूपमा र अन्तरपार्टीमा रहेका विवाद तथा मतभेदलाई अन्त्य गर्न जरूरी रहेको उहाँको भनाइ छ ।

हालै सम्पन्न पार्टीको १४औँ महाधिवेशनले पार्टीलाई अझ गतिशील र रुपान्तरण गरेकाले देशव्यापीरुपमा नेता, कार्यकर्तादेखि आम जनतामा नयाँ उत्साहको सञ्चार भएको बताउँदै नेपाली कांग्रेसका केन्द्रीस्य सदस्य नैनसिंह महरले बिपीको मेलमिलापको नीतिलाई गाउँगाउँसम्म पुऱ्याउन सकिएमा कार्यकर्ताका बीच आपसी सद्भाव वृद्धि भई आगामी स्थानीयदेखि केन्द्रीय तहसम्मका निर्वाचनमा

# राष्ट्रिय भारोत्तोलन यसै महिना हुने

काठमाडौँ, १५ पुस (रासस) ।

नेपाल भारोत्तोलन संघको आयोजनामा २४औँ पुरुष तथा नवौँ महिला राष्ट्रिय भारोत्तोलन प्रतियोगिता यही पुस २७ गतेदेखि हुने भएको छ ।

प्रतियोगितामा तीन विभागीय टोली नेपाल आर्मी, नेपाल प्रहरी र एपिएफसहित विभिन्न २० जिल्लाका गरी जम्मा २३ टिमको सहभागिता रहने आयोजक संघका अध्यक्ष रामकृष्ण श्रेष्ठ (बोस) ले बिहीबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो । उक्त प्रतियोगितामा करिब २०० खेलाडी सहभागी हुनेछन् ।

जुनियर/सिनियर तथा युथ पुरुष/महिलातर्फ विभिन्न ४० तौल समूहमा प्रतिस्पर्धा हुनेछ । सहभागी टोलीको खाना, बसोबास र यातायात खर्च आयोजक संघले व्यहोर्ने छ । तीनदिने प्रतियोगिताका खेल मध्यपुरथिमि नगरपालिकाको थिमि बैंक्वेटमा हुनेछ । अध्यक्ष श्रेष्ठले कोभिड-१९ का कारण लामो समयदेखि हुन नसकेको प्रतियोगितालाई सम्बन्धित सबैको साथ र सहयोगले सफल हुने विश्वास व्यक्त गर्नुभयो ।

मध्यपुरथिमि नगरपालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठले नगरपालिकाले खेल क्षेत्रलाई अगाडि बढाउन हरदम सहयोग गरिरहेको स्मरण गर्दै प्रतियोगितामा पनि नगरपालिकाको साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# सिष्टम ह्याक गर्ने चेतावनी

काठमाडौँ, १५ पुस (रासस) ।

अपरिचित समूहले कुमारी बैंक लिमिटेडको सिष्टम ह्याक गर्ने चेतावनी दिएको छ । बैंकको सूचना प्रविधि शाखामा साउदी ग्रुप नाम गरेको इमेलबाट ह्याकरले सिष्टम ह्याक गर्ने चेतावनीसहितको चेतावनी आएको बैंकले जनाएको छ ।

बैंकका कार्यवाहक प्रमुख कार्यकारी अधिकृत अनुजमणि तिमिल्सिनाले ह्याक गर्ने धम्की आएपछि बैंकको सबै सिष्टम बन्द गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार ह्याकरले चेतावनी दिनासाथ सिष्टम बन्द गरिएको थियो । आवश्यक परीक्षणपछि बैंकका सबै सिष्टम खोल्ने तयारी गरिएको छ ।

धम्की कहाँबाट आयो भन्ने विषयमा थप अध्ययन गरिरहेको बैंकले जनाएको छ । बैंकले आफ्नो फेसबुक पेजमा दिउँसो एक सूचना राख्दै केही समयका लागि बैंकका सबै सिष्टम बन्द रहेको जनाएको छ । धम्कीपछि बैंकले एटिएम कार्ड, मोबाइल बैंकिङ एप, इन्टरनेट बैंकिङलगायतका सेवा बन्द गरेको छ ।

कुमारी बैंकमा आएको चेतावनीपछि सम्पूर्ण बैंकलाई सतर्कता अपनाउन आग्रह गरिएको नेपाल बैंकर्स संघले जनाएको छ । संघका अध्यक्ष अनिल उपाध्यायले अहिलेसम्म कुनै बैंकमा पनि समस्या नआएको जानकारी दिनुभयो । "हामीले सबैलाई सतर्कता अपनाउन आग्रह गरिसकेका छौँ, अहिले नै आत्तिहाल्नुपर्ने अवस्था छैन", उहाँले भन्नुभयो । यसअघि गत साउनमा राष्ट्रिय वाणिज्य बैंकलगायतका बैंकलाई समेत सिष्टम ह्याक गर्ने धम्की आएको थियो ।

# घरमा नै सुरक्षित गर्भपतन तथा परिवार व्यवस्थापन परामर्श सेवा

काठमाडौँ, १५ पुस (रासस)।
सरकारले विविध कारणले स्वास्थ्य सस्थामा जान नसक्ने एवं पहुँच नै नपुग्ने विपन्न, अपाङ्ग र सिमान्तकृत समुदायलाई घरमा नै सुरक्षित गर्भपतन तथा आवश्यक परिवार व्यवस्थापन (नियोजन)का परामर्श सेवा प्रदान गर्न सुरुआत गरेको छ।
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले 'कोभिड-१९ महामारी : प्रजनन, मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवाको अन्तरिम निर्देशिका २०७७' जारी गरेको थियो। विशेष गरी महामारीमा प्रजनन, मातृ, नवजात शिशु तथा बालस्वास्थ्य सेवालाई निरन्तरता दिने ध्येयले विसं २०७७ वैशाखदेखि सो निर्देशिका कार्यान्वयमा आएको थियो। निर्देशिका अनुसार ती क्षेत्रमा टेलिफोन परामर्श तथा घरदैलो सेवा प्रदान गर्न थालिएको हो। मन्त्रालय र नेपाल परिवार नियोजन सङ्घद्वारा सञ्चालित 'हट लाइन टेलिफोन सेवा'मा आएका मागका आधारमा ती क्षेत्रमा स्वास्थ्यकर्मीले सेवाग्राहीका घरघरमा सेवा पुर्‍याउँदै आएका छन्।
यसबाट विशेष गरी परिवार नियोजनका साधनमा पहुँच अभिवृद्धि गर्न र सुरक्षित गर्भपतनलाई निरन्तरता दिन काशेढुङ्गाको काम गरेको सेवा प्रदायकको दाबी छ। अहिले पनि ती सेवा जारी नै रहेको बताइएको छ।
परिवार कल्याण महाशाखा, परिवार योजना तथा प्रजनन स्वास्थ्य शाखा प्रमुख कविता अर्यालले भन्नुभयो, "महामारीको पहिलो र दोस्रो चरणमा परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवामा केही असर पुगेको भए पनि अहिले पूर्ववत् सेवा सञ्चालन भइराखेका छन्।" उहाँका अनुसार महामारीमा परिवार नियोजनको सेवाको प्रयोगदर ३९ बाट ३७ प्रतिशतमा झरेको छ।
विश्व स्वास्थ्य सङ्गठनका अनुसार परिवार नियोजन सेवा उपभोग गरी कम्तीमा दुई वर्षको गर्भान्तर गरेमा खण्डमा १० प्रतिशत शिशु र ३० प्रतिशत मातृ मृत्युदर घट्ने जनाइएको छ। मातृ तथा बालमृत्युदरमा कमी ल्याउन परिवार नियोजनका सेवामा पहुँच विस्तार अनिवार्य मानिन्छ। नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०१६-२०२१) ले मातृ मृत्युदर प्रतिएक लाख जीवित जन्ममा १२५ र दिगो विकास लक्ष्यले सन् २०३० सम्म नेपालमा नवजात शिशु र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर प्रतिएक हजार जीवित जन्ममा क्रमश : १२ र २० मा झार्ने लक्ष्य राखेको छ। ती लक्ष्य हासिल गर्न सरकारलाई चुनौती छ।

**तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सुरक्षित गर्भपतन सेवा**

निर्देशिकाले पहिलो पटक तालिम प्राप्त स्वास्थ्यकर्मीलाई पनि सुरक्षित गर्भपतन सेवा प्रदान गर्न स्वीकृति प्रदान गरेको थियो। विसं २०७३ देखि सूचीकृत सरकारी स्वास्थ्य संस्थामा मात्र औषधि र क्लिनिकल माध्यमबाट सुरक्षित गर्भपतन सेवा निःशुल्क प्रदान गरिँदै आइएको छ। सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५, नियमावली २०७७ का प्रावधानअनुरुप स्वास्थ्यकर्मीलाई सो अधिकार प्रदान गरिएको जनाइएको छ। मन्त्रालयले हालै सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ पनि कार्यान्वयनमा ल्याएको छ।
हालसम्म सुरक्षित गर्भपतन सेवाका लागि ५३० स्वास्थ्य सस्था सूचीकृत भएका छन् भने त्यहाँ कार्यरत तीन हजारभन्दा बढी स्वास्थ्यकर्मीले तालिम प्राप्त गरी सो सेवा प्रदान गरिराखेका जनाइएको छ। दश हप्ताभित्रको गर्भका लागि 'मिफेप्रिस्टिन' र 'मिसोप्रोस्टोल' नामक औषधिको प्रयोगद्वारा सुरक्षित गर्भपतन सेवा (एमए) प्रदान गरिन्छ भने १० हप्तामाथिका लागि क्लिनिक सेवा प्रदान गरिन्छ। महाशाखाका अनुसार गत आर्थिक वर्षमा सुरक्षित गर्भपतनको सेवा लिनेको सङ्ख्या ८५ हजार ४९२ रहेकामध्ये २० वर्ष मुनिका सङ्ख्या आठ हजार २२३ रहको थियो। लकडाउनका अवधिमा २२ हजार ७६९ ले सुरक्षित गर्भपतन सेवा लिएका र तीमध्ये २० वर्षमुनिका दुई हजार २२१ रहेको जनाइएको छ।
यौन तथा प्रजनन स्वास्थ्य सेवाका लागि अग्रणी गैरसरकारी सस्था नेपाल परिवार नियोजन सङ्घले महामारीका समयमा आफ्ना सेवालाई निरन्तर दिँदै आएको छ। सङ्घका वरिष्ठ पैरवी अधिकृत जमुना सिटौला भन्नुहुन्छ, "स्वास्थ्य संस्थामा आउन नसक्ने एवं पहुँच नै नपुग्ने विपन्न, अपाङ्ग र सीमान्तकृत समुदायलाई घरघरमा नै आवश्यक सेवा सञ्चालित छ। ती सेवामा विशेष गरी सुरक्षित गर्भपतन सेवा तथा आवश्यक परिवार व्यवस्थापन (नियोजन)का साधन वितरण र आवश्यक परामर्श छन्।"
उहाँका अनुसार सङ्घद्वारा सञ्चालित 'हटलाइन टेलिफोन'मा सेवाग्राहीले माग गरेका सेवालाई सङ्घका समुदायमा कार्यरत तालिम प्राप्त स्वास्थ्यकर्मीले सेवा पुर्‍याउँदै आएका छन्। सन् २०२० मा सङ्घले ३३ लाख ६० हजारलाई यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सेवा दिएको थियो। तीमध्ये ३३ हजार अनिच्छित गर्भ रोकिएको जनाइएको छ। सेवाग्राहीमध्ये ९० सीमान्तकृत र ३० प्रतिशत किशोरकिशोरी थिए। परिवार नियोजनको राष्ट्रिय कार्यक्रममा सङ्घको योगदान २० र सुरक्षित गर्भपतन सेवामा १७ प्रतिशत भन्दामाथि छ।
सङ्घले आफ्ना परिवार नियोजन सेवा क्लिनका सुरक्षित गर्भपतनका लागि औषधि र क्लिनिकल दुवै सेवा प्रदान गरिराखेको छ। जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुरका वरिष्ठ जनस्वास्थ्य अधिकृत रामकृष्ण फुयाँल भन्नुहुन्छ, "महामारीका सुरुआती चरणमा परिवार नियोजनका साधनको मागलाई पूर्ति गर्न समस्या देखियो। कोरोना नियन्त्रणलाई प्राथमिकता दिइएका कारण सुरक्षित गर्भपतन सेवा प्रदान गर्न केही अप्ठ्यारो भएको हो। पछिल्लो दिनमा सेवा सुरु भएको छ। सुरक्षित गर्भपतन सेवा परिवार नियोजनको साधन होइन भन्ने कुरालाई समुदायमा बुझाउन जरुरी छ।"
विज्ञका अनुसार जन्मदर घट्नु र असुरक्षित गर्भपतन बढ्नु चिन्ताको विषय मानिन्छ। कृपाका एक अध्ययनअनुसार नेपालमा वार्षिकरुपमा तीन लाख २३ हजार गर्भपतन हुन्छ। तीमध्ये ४२ प्रतिशत सूचीकृत र ५८ प्रतिशत असूचिकृत संस्थामार्फत हुन्छ। अर्कोतर्फ परिवार नियोजन सेवाको विस्तार अपेक्षाअनुसार हुन सकेको छैन। हाल आधुनिक परिवार नियोजन सेवाको प्रयोग दर ४२.८ प्रतिशत छ। अझै पनि प्रजनन उमेरका २३.७ प्रतिशत महिलाले परिवार नियोजन सेवा प्रयोग गर्न चाहेर पनि सेवा प्राप्त गर्न सकेका छैनन्।
परिवार नियोजनका अस्थायी आधुनिक पाँच प्रकारका साधन (ढाल, पिल्स, डिपो, इन्प्लान्ट र आइयुसिडी)को प्रयोगदर बढ्न नसक्नु (स्थिर रहनु), परम्परागत विधिका प्रयोगकर्ता उल्लेख्यरूपमा बढ्नु, असन्तुलित दरमा प्रजननदर घट्नु र परिवार नियोजनका साधन चाहेर पनि पाउन नसक्ने दर (अनमेट निड) घट्नुले समस्या देखिएको छ। वातावरण स्वास्थ्य र जनसङ्ख्या कार्यक्रम अनुसन्धान केन्द्र(कृपा)का सहनिर्देशक डा महेश पुरी भन्नुहुन्छ, "महामारीका समयमा परिवार नियोजनका साधनमा पहुँच र उपलब्धता नहुँदा, समयमा सुरक्षित गर्भपतन सेवा नपाउँदा अनिच्छिक गर्भ धारणा बढेको र सुरक्षित गर्भपतन भने घट्न गएको हो। यस गर्दा यौन तथा प्रजनन स्वास्थ्य सेवाका सूचकलाई असर पार्छ।"
सोही संस्थाको अध्ययनअनुसार नेपालमा वार्षिकरुपमा तीन लाख २३ हजार गर्भपतन हुन्छ। तीमध्ये ४२ प्रतिशत सूचीकृत र ५८ प्रतिशत असूचिकृत संस्थामार्फत हुन्छ। लकडाउनका अवधिमा एक तिहाइले गर्भपतन सेवा घटेको बताइएको छ।

### *चिसोबाट सतर्कता ...*

अपनाउन अनुरोध गरेको छ।
दिउँसो देशभर आंशिकदेखि सामान्य बदली रही पहाडी भूभागका थोरै स्थानमा हल्का वर्षा र उच्च हिमाली तथा पहाडी भूभागका केही स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको छ।
बिहीबारदेखि मौसम क्रमिकरुपमा सुधार हुँदै जाने महाशाखाका मौसमविद् मञ्जु बासीले बताउनुभयो। तत्कालै नयाँ मौसमी प्रणालीको विकास हुने सम्भावना नरहेकाले पनि आगामी दिनमा मौसम सुधार हुने उहाँको भनाइ छ।
महाशाखाको पछिल्लो विवरणमा काठमाडौँको तापक्रम न्यूनतम ६ र अधिकतम तापक्रम ८ डिग्री सेल्सियस छ। वितेको २४ घण्टामा काठमाडौँमा ३५ मिलिमिटर वर्षा भएको छ। भैरहवामा ४१, पोखरामा ३१ र घोराहीमा ३१ मिलिमिटर वर्षा रेकर्ड भएको छ।

# तरुण दलले राष्ट्रिय मेलमिलाप दिवसमा देशभर कार्यक्रम गर्ने

काठमाडौँ, १५ पुस (रासस)।
नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल तरुण दलले राष्ट्रिय मेलमिलाप दिवस देशभर विभिन्न कार्यक्रम गरी मनाउने भएको छ।
तरुण दलका अध्यक्ष एवं कांग्रेस केन्द्रीय सदस्य जितजङ्ग बस्नेतले बुधबार एक विज्ञप्ति जारी गरी नेपाली कांग्रेस र सिङ्गो देशको राजनीतिक इतिहासमा एउटा स्वर्णिम र ऐतिहासिक दिन पुस १६ गते देशभर राष्ट्रिय मेलमिलाप दिवस मनाउने जनाइएको हो। "राष्ट्रिय मेलमिलाप दिवसको अवसरमा पार्टीले आयोजना गर्ने कार्यक्रममा सहकार्य गर्दै सङ्गठनका तर्फबाट थप अतिरिक्त रचनात्मक र अन्य कार्यक्रम गर्न गराउनका लागि नेपाल तरुण दल आग्रह गर्दछ", विज्ञप्तिमा भनिएको छ।
नेपाल तरुण दलले आफूले राष्ट्रिय मेलमिलाप दिवसको अवसरमा गरेको कार्यक्रमको विवरण केन्द्रमा जानकारी गर्नसमेत आग्रह गरेको छ। अध्यक्ष बस्नेतले आफूलाई पार्टीको केन्द्रीय कार्यसमितिमा निर्वाचित गर्न देशभरका तरुण युवाको महत्वपूर्ण भूमिका रहेको भन्दै सबैलाई धन्यवादसमेत व्यक्त गर्नुभएको छ।

## विश्व समाचार

# कोरोनाका ओमिक्रोन र डेल्टा भेरियन्टले सङ्क्रमितको सुनामी ल्याउने : विश्व स्वास्थ्य संगठन

पेरिस, १५ पुस (रासस/एएफपी)।
डेल्टा र ओमिक्रोन भेरियन्टको मिश्रणले कोभिड घटनाको एउटा डरलाग्दो सुनामी ल्याउन लागिरहेको विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ)का प्रमुखले बताउनु भएको छ।
युरोप र अमेरिकामा बढ्दो मात्रामा कोभिडका नयाँ सङ्क्रमित देखापरिरहँदा डा टेड्रोस एड्हानोम गेब्रेयससको त्यस्तो भनाइ आएको छ। डा टेड्रोसले दुईवटा भेरियन्टको चुनौतीले समग्र घटनाको चाप बढाएको भन्दै चेतावनी दिनुभएको छ।
कोभिडको सुनामीले स्वास्थ्य सेवा प्रणालीलाई धम्की दिने खतरा छ, ओमिक्रोन भेरियन्टले गरेको रेकर्ड वृद्धिले विश्वभर नयाँ वर्षको उत्सवलाई फेरि एकपटक धमिलो पारेको डब्ल्यूएचओले बुधबार जनाएको छ।
अध्ययनले कैयौं देशमा निकै छिटो मुख्य भेरियन्ट बनेको ओमिक्रोन डेल्टाभन्दा मध्यम रहेको तर निकै धेरै सङ्क्रामक रहेको बताएको छ। फ्रान्सका स्वास्थ्यमन्त्रीले ओमिक्रोनलाई लहर मात्र भनेर नपुग्ने बरु 'आँधीजस्तो लहर' भन्नुपर्ने बताउनुभएको छ।
विश्वभरका लाखौं व्यक्तिले फेरि महामारीबीच नै नयाँ वर्षलाई स्वागत गर्नेछन्। यस महामारीको कारण अहिलेसम्म ५४ लाखभन्दा बढी मानिसको ज्यान लिइसकेको छ। कैयौं देशमा चाडपर्व ओझेलमा पर्नुको साथै रद्द गरिएको छ।
ग्रीसले बुधबार बार र रेस्टुरेन्टमा नयाँ वर्षको पूर्वसन्ध्या पार्टी सीमित गर्नको लागि संगीत प्रतिबन्धित गरेको छ। सार्वजनिक कार्यक्रम पहिले नै रद्द गरिसकेका छन्।
मेक्सिकोमा कोरोनाका सङ्क्रमण बढ्दै गएपछि राजधानीका मेयरले नयाँ वर्षको पूर्वसन्ध्याको उत्सव रद्द गर्नुभएको छ।

# बेलायतमा एकै दिन कोरोना भाइरसका एक लाख ८३ हजारभन्दा बढी संक्रमित

लन्डन, १५ पुस (रासस/सिन्ह्वा)।
बेलायतमा कोरोना भाइरसको सङ्क्रमण सुरु भएदेखिकै मंगलबार सबैभन्दा धेरै सङ्क्रमित भेटिएका छन्।
बेलायतमा मंगलबार त्यसको २४ घन्टायता मात्र कम्तीमा एक लाख ८३ हजार ३७ सङ्क्रमित भेटिएका यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीले जानकारी दिएका छन्।
यहाँका स्वास्थ्य अधिकारीले दिएको जानकारीअनुसार एकै दिनमा यहाँ यतिधेरै सङ्क्रमित भेटिएको यो पहिलो घटना हो।
यसअघि पनि यहाँ सोमबार मात्र करिब एक लाख ३० हजारमा यो सङ्क्रमण भेटिएको बताइएको थियो।
त्यस्तैगरी उनीहरुका अनुसार मङ्गलबार यहाँ कोरोनाका कारण ५७ को ज्यान गएको छ। यसअघि सोमबार मात्र यहाँ यो सङ्क्रमणबाट १८ जनाको मात्र ज्यान गएको थियो।
यसरी मङ्गलबार यहाँ मृत्यु हुनेको सङ्ख्या पनि बढेको पाइएको हो। यहाँ अहिलेसम्ममा एक करोड २५ लाखभन्दा बढी सङ्क्रमित पाइएका छन्।
त्यसैगरी बेलायतका स्वास्थ्य अधिकारीले यहाँ अहिलेसम्म कोरोना भाइरसको सङ्क्रमणबाट कम्तीमा एक लाख ४८ हजारभन्दा बढीको ज्यान गएको बताएका छन्।
यहाँ पछिल्लो समयमा ओमिक्रोनको सङ्क्रमण पनि बढ्दै गएको छ। जसका कारण यहाँको सरकारले कतिपय सार्वजनिक कार्यमा प्रतिबन्ध लगाएको छ भने सतर्क रहन आग्रह पनि गरेको छ।
पछिल्लो समयमा यहाँ ओमिक्रोनको प्रकोप बढेपछि अस्पताल भर्ना हुने सङ्क्रमितको सङ्ख्या पनि बढ्दो देखिएको छ।

# कोरोना बढेपछि मुम्बइमा सार्वजनिक कार्यक्रममा प्रतिबन्ध

मुम्बई, १५ पुस (रासस/सिन्ह्वा)।
मुम्बइमा पछिल्लो समयमा कोरोना भाइरसको प्रकोप बढ्दै गएको बताइएको छ। भारतको नयाँदिल्ली र मुम्बइमा पछिल्ला केही हप्तामा सङ्क्रमण बढेको हो।
यसैबीच यहाँ कोरोना भाइरसको प्रकोप बढेपछि यहाँका सार्वजनिक स्थलमा हुने विविध कार्यक्रममा प्रतिबन्ध लगाइएको बताइएको छ।
भारतको आर्थिक राजधानी मानिने भारतीय ठूलो सहर मुम्बइमा नयाँ वर्षका कार्यक्रमको आयोजना गरिएको र त्यसका कारण झन् सङ्क्रमण बढ्ने आशंका गरेका कारण सरकारले सार्वजनिकस्थलमा जमघट हुने र नयाँ वर्षका कार्यक्रम गर्ने काममा प्रतिबन्ध लगाएको हो।
रातिमा कर्फ्यु नलगाइने तर पनि मानिस जमघट हुने र समारोह गर्ने काममा प्रतिबन्ध लगाइएको मुम्बई सरकारले जनाएको छ।
यहाँ पनि पछिल्लो समयमा कोरोनाका सङ्क्रमित बढेका पाइएको छ। गत हप्तामात्र यहाँ प्रत्येक दिन कम्तीमा पनि १५० मात्र सङ्क्रमित पाइएकामा हिजोआज भने कम्तीमा पनि दुई हजार जना सङ्क्रमित भेटिएका छन्।

# पिएम कप प्रदेशस्तरिय छनोट खेलमा स्पिनर अजय यादबको उत्कृष्ट बलिङले सप्तरी बिजयी



**दैनिक समाचारदाता**
**राजविराज, १५ पुस ।**

राजबिराजमा संचालित प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत प्रदेश २ स्तरिय क्रिकेट खेलाडी छनोट प्रतियोगितामा बिहीबार सप्तरी र रौतहट बिजयी भएका छन् ।

सप्तरीका स्पिनर अजय यादबले उत्कृष्ट बलिङ गर्दै धनुषाको ७ बिकेट लिएपछि उक्त जित हासिज गरेको हो । मबिब क्याम्पस खेलमैदानमा टस जितेर धनुषाले निर्धारित ४७ ओभरको खेलमा ३५ ओभर ४ बल खेल्दै सबै बिकेट गुमाई १ सय ३ रन मै सिमित रहयो । जसमा हिमांसु दत २६, हरेकृष्ण साह २१, रंजित यादव १९ तथा रौनक रत्नमले १० रन बनाएका थिए ।

बलिङतर्फ सप्तरीका स्पिनर अजय यादबले १० ओभरमा २६ रन दिएर ७ बिकेट लिएका थिए भने रोहित सिँह, अनिल यादब, बिकास दासले १/१ बिकेट लिएका थिए ।

जवाफमा सप्तरीले २७ ओभर २ बल खेल्दै ५ बिकेट गुमाएर उक्त जित हासिल गरेको छ । जसमा टिमलाई जिताउन महबुव आलमले अबिजित ३८, रोबिन सिँह अबिजित २८ तथा निरज यादबले १५ रन बनाएका थिए । यता धनुषाका दिवयान्सु मल्लिकले ३ बिकेट तथा रूपेश यादब र आकाश यादबले १/१ बिकेट हात पारे । सो खेलको म्यान अफ दि म्याच सप्तरीका अजय यादब घोषित भए ।

यसैगरी बिहीबारै सम्पन्न दोस्रो खेलमा रौतहटले महोत्तरीलाई ७५ रनले हराएको छ । टस जितेर रौतहटले निर्धारित ४० ओभरमा ८ बिकेट २ सय ४४ रन बनाएको थियो । जसमा सुरज साहले उत्कृष्ट ब्याटिङ गर्दै ६० बलमा ५ छक्का र ४ चौक्काको मदतले अविजित ८६ रन बनाएका थिए । त्यस्तै सचिन यादब ३८ र असचल चौधरी ३६, डब्लु मल्लिक २० रन र राज पटेल १२ रन जोडेका थिए ।

यता बलिङतर्फ महोत्तरीका जेम्स मण्डल ४ बिकेट तथा आरसद अंसारी र रबी सिँह १/१ बिकेट हात पारेका थिए । जवाफमा महोत्तरीले ३३ ओभर ३ बलमै सबै बिकेट गुमाई १ सय ६९ रन मै सिमित रहयो । जसमा सुजित साह ३९ रन, राहुल प्रताप सिँह ३८ रन हरेकृष्ण झा २७ रन राजकुमार सहनीले १४ रन बनाएका थिए ।

बलिङतर्फ रौतहटका राजेश यादब ३ बिकेट नितेश यादब र डब्लु मल्लिक २/२ तथा नरेश साह, शनि साह, सुरज साह १/१ बिकेट लिएका थिए । खेलको म्यान अफ दि म्याच बिजय टिमका सुरज साह घोषित भएको सप्तरी क्रिकेट संघले जनाएको छ ।

# प्रजनन् तथा स्वास्थ्य अधिकारसम्बन्धी व्यवस्था संशोधन गर्न माग

काठमाडौँ, १५ (रासस) ।

मुलुकी अपराधसंहिताका केही प्रावधान संशोधन नहुँदा महिलाको प्रजनन तथा स्वास्थ्य अधिकारमा बाधा पुगेको भन्दै चाँडो संशोधन प्रक्रिया अघि बढाउन माग गरिएको छ ।

संहिताको संशोधन प्रस्ताव स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट कानुन मन्त्रालयमा पुगेको छ । कानुन मन्त्रालयबाट चाँडो संशोधन प्रक्रिया अघि बढाउन सरोकार भएका निकायले माग गरेका हुन् । महिला, कानुन र विकास मञ्चले बिहीबार यहाँ आयोजना गरेको छलफल कार्यक्रममा संहिताको दफा १८८ अनुसार सम्बन्धितको स्वीकृतिमा गर्भपतन गर्दा पनि प्रहरीले चिकित्सकमाथि मुद्दा चलाउन सक्ने प्रावधान हुँदा कार्यान्वयनमा समस्या आएको जानकारी गराइएको छ ।

संहितामा उल्लेख गरिएको गर्भपतनसम्बन्धी परिभाषा परिवर्तन नभएसम्म समस्या रहिरहने भएकाले चाँडो समस्या समाधान गर्न माग गरिएको अधिवक्ता नवीनकुमार श्रेष्ठले बताउनुभयो । केही स्थानीय तहले भने अहिले पनि सुरक्षित गर्भपतन सेवा लिनेलाई सहयोग गर्दै आएका छन् । मञ्चले गरेको अध्ययनमा डोटीको केआइ सिंह गाउँपालिकाले सुरक्षित गर्भपतन सेवा लिन चाहनेलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउँदै आएको छ । भूकम्प, नाकाबन्दी र कोरोनापछिको बन्दाबन्दीका समयमा सुरक्षित गर्भपतन एवं प्रजनन स्वास्थ्य अधिकारबाट सेवाग्राही वञ्चित भएको अध्ययनका क्रममा भेटिएको मञ्चले जनाएको छ ।

अछामको दुई स्थानीय तहले छाउपडी गोठको सट्टा रुपान्तरण गृह स्थापना गरेर सहज सेवा प्रदान गरेका छन् । पश्चिम नेपालमा महिनावारी भएका बेला छाउपडी गोठमा बस्दा धेरै महिला पीडित हुन थालेपछि स्थानीय सरकारले रुपान्तरण गृहमार्फत् छाउपडी प्रथा हटाउन काम गरेको कार्यक्रममा जानकारी गराइयो । रुपान्तरण गृहका माध्यमबाट छाउपडी प्रथामा सुधार गरी महिलालाई घरमै बस्ने वातावरण बनाउने गरी त्यहाँका स्थानीय तहले काम गरेको मञ्चले जनाएको छ ।

# पुरस्कार छनोट समिति गठन

**दैनिक समाचारदाता**
**राजविराज, १५ पुस ।**

नेपाल पत्रकार महासंघ शाखा सप्तरीले लोकेन्द्र स्मृति पत्रकारिता पुरस्कार २०७८ प्रदान गर्न तीन सदस्यीय 'पुरस्कार छनौट समिति' गठन गरेको छ ।

महासंघका अध्यक्ष श्रवणकुमार देवको अध्यक्षतामा बिहीबार सम्पन्न कार्यसमितिको बैठकले वरिष्ठ पत्रकार अनिल कुमार अनलको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको हो ।

उक्त समितिको सदस्यद्वयमा महासंघका उपाध्यक्ष बैद्यनाथ यादव र धर्मपाल राउत रहेका छन् ।

यस्तै सो बैठकले लोकेन्द्र स्मृति पत्रकारिता पुरस्कार वितरण सम्बन्धमा आगामी दिनमा नयाँ कार्यविधि निर्माणका लागि उपाध्यक्ष बैद्यनाथ यादवको संयोजकत्वमा पाँच सदस्यीय समिति समेत गठन गरेको छ ।

गठित समितिको सदस्यहरुमा कार्यसमितिका महिला उपाध्यक्ष अम्बिका दहाल, सहसचिवद्वय चन्दनकुमार यादव र गोपालप्रसाद गुप्ता तथा सदस्य विद्यानन्द राम रहेका छन् ।

त्यस्तै भवन निर्माणकालागि प्रदेश २ सरकारका अर्थ मन्त्रालयसँग बजेट माग गर्ने र आवश्यक काम कारवाही अगाडी बढाउने निर्णय समेत भएको सचिव रामनारायण विश्वासद्वारा प्रेसित विज्ञप्तिमा उल्लेख छ ।

## चिसोबाट जोगाउन ...

र सुरक्षा निकायका प्रमुखसँग प्रत्यक्ष सम्पर्कमा छौं", उहाँले भन्नुभयो, "चिसोबाट जोगिन आवश्यकपर्ने न्यानो लुगा र दाउरालगायतको बन्दोबस्तीमा प्रदेश सरकारले समन्वय गरिरहेको छ ।"

शीतलहरबाट सबैभन्दा बढी जोखिममा विपन्न गरिब परिवार मारमा पर्ने भएकाले त्यसलाई लक्षित गरी पूर्वतयारीमा जोड दिएको उहाँले बताउनुभयो । विगतमा जाडो बढेपछि चोक-चोकमा आगो बाल्न दाउराको व्यवस्था हुँदै आएको छ र यस पटक पनि स्थानीय प्रशासनसँग छलफल गरेर तयारी गरिरहेको मन्त्री साहको भनाइ छ ।

वर्षेनी चिसोबाट प्रदेश नं २ मा करिब १५ प्रतिशत नागरिक प्रभावित हुने गरेको प्रदेश नीति तथा योजना आयोगले जनाएको छ । "प्रदेशको कूल जनसङ्ख्यामध्ये करिब १५ प्रतिशत जनसङ्ख्या दलित, विपन्न छन्, ती सबै चिसोबाट प्रभावित हुने गरेका छन्", प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष भोगेन्द्र झाले भन्नुभयो, "अधिकांशसँग चिसोबाट जोगिन ओढ्ने, ओछ्याउने न्यानो लुगा हुँदैन, त्यसैले चिसोबाट कतिपयले ज्यान समेत गुमाउने गर्छन् ।"

हरेक वर्ष हुने शीतलहर र चिसोका कारण अनाहकमा सर्वसाधारणहरु ज्यान गुमाउने गरेका छन् । पछिल्ला चार वर्षमा चिसोका कारण प्रदेश नं २ मा ७४ जनाको मृत्यु भइसकेको छ । गत वर्ष मात्रै चिसोका कारण प्रदेश नं २ मा १० जनाको मृत्यु भएको प्रदेश नं २ प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ ।

आर्थिक वर्ष २०७४/७५ देखि २०७७/७८ सम्म रौतहटमा सबैभन्दा बढी ३२ जनाको मृत्यु भएको छ भने सप्तरीमा १८, सिरहामा सात, पर्सामा ६, धनुषामा चार, महोत्तरी र सर्लाहीमा तीन-तीन तथा बारामा एकजनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालयको तथ्याङ्क छ ।


पत्रकार आचारसंहिताको पालना गरौं ।

सञ्चारमाध्यमले

- बालबालिकाको मनोविज्ञानमा नकारात्मक असर पार्नेगरी,
- अपांगता भएका व्यक्तिलाई होच्याउने, आत्मसम्मानमा चोट पुऱ्याउने गरी,
- हिंसा, आतंक, अश्लिलता, अपराधलाई प्रश्रय हुनेगरी,
- पीडितलाई थप पीडादिने, अशक्त असहाय, अल्पसंख्यक महिला तथा जेष्ठ नागरिकको मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर पर्नेगरी,

कुनैपनि सामाग्रीहरु संप्रेषण नगरौं, पत्रकार आचारसंहिताको सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np